# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक १० गते

## आयोगद्वारा 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग' को सिफारिस समितिमा आयोगका सदस्य सुदिप पाठकलाई सिफारिस

राष्ट्रिय मानव अधिकार आयोगले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग' को सिफारिस समितिमा आयोगका सदस्य सुदिप पाठकलाई पठाउने निर्णय गरेको छ ।

आयोगले 'शान्ति तथा पुनर्निर्माण मन्त्रालय' मा कात्तिक ९ गते पठाएको पत्रमा भनिएको छ, 'उपर्युक्त सम्बन्धमा 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' को दफा ३ को उपदफा (१) मा उल्लेख भए बमोजिम आयोग गठन गर्ने प्रयोजनको लागि सोही ऐनको दफा ३ उपदफा (३) खण्ड (ख) मा उक्त सिफारिस समितिमा राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य रहने कानुनी व्यवस्था रहेको हुँदा उक्त व्यवस्था अनुसारको एकजना सदस्य तोकिदिनका लागि भनी नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयको मिति २०७१/०७/०५ बाट अनुरोध भई आएकोले आयोगका अध्यक्षज्यूबाट सदस्य सुदिप पाठकलाई उक्त सिफारिस समितिको सदस्यमा तोक्नुभएको छ ।'

वेदप्रसाद भट्टराई
कामु सचिव